# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-६ सङ्ख्या-१ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०७९/०६/२६

## भाग-२

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना** : सुनकोशी गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानी तथा सिंचाईको पहुँच सबै गाउँबासीहरुमा पुऱ्याउने उद्धेश्यले स्वच्छ खानेपानी तथा सिंचाईको व्यवस्थापन गर्न खानेपानी तथा जल उपभोक्ता संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ध) बमोजिम सुनकोशी गाउँ कार्यपालिकाबाट स्वीकृत भई खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९ बनाइएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस कार्यविधिको नाम "**खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९**" रहेको छ।

२) यो कार्यविधि सुनकोशी गाउँपालिका भित्र लागु हुनेछ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “खानेपानी” भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ।

ख) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ग) "उपभोक्ता संस्था" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा जल उपभोक्ता संस्था सम्झनु पर्छ।

घ) “विधान” भन्नाले खानेपानी तथा जल उपभोक्ता संस्थाको विधान सम्झनु पर्छ।

ङ) “समिति” भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको समितिलाई सम्झनुपर्छ।

३. **उपभोक्ता संस्था दर्ता गर्नु पर्ने** : स्थानीयस्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सिंचाईको प्रयोजनको लागि खानेपानी तथा सिंचाई जल उपभोक्ता संस्था दर्ता गरेर मात्र खानेपानी तथा सिंचाईको सुविधाको व्यवस्थापन गर्नुपर्छ। यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि खानेपानी तथा सिंचाईको लागि उपभोक्ता संस्था स्थापना गर्नु हुँदैन।

४. **दर्ताको लागि अनुमति दिने समिति र उपभोक्ता संस्था सम्बन्धी व्यवस्था** : गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सिंचाईको मुख्य श्रोत मुहान (मुल) बाट सङ्कलन गरी खानेपानी तथा सिंचाईको व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुलसहित आधिकारिक रुपमा खानेपानी तथा सिंचाईको उपभोक्ता संस्था दर्ता गर्नु पर्नेछ। उक्त संस्थाले खानेपानी तथा सिंचाईको व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी तथा सिंचाईको उत्पादनको मुख्य स्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ। माग भएपछि दाफा ५ बमोजिमको समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन गर्न लगाई प्राप्त प्रतिवेदनको आधारमा दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल (मुहान) दर्तासहितको अनुमती दिन सक्नेछ।

५. **समितिः (१)** खानेपानी तथा सिंचाईको मुख्य श्रोत मुहान (मुल) सहित संस्था दर्ताको अनुमति दिनको लागि देहाय बमोजिमको पाँच सदस्यीय समिति हुनेछ।

क) संयोजक - गाउँपालिका अध्यक्ष

ख) सदस्य - गाउँपालिका उपाध्यक्ष

ग) सदस्य - सम्बन्धित वडाको अध्यक्ष

घ) सदस्य - संयोजकले तोकेको सम्बन्धित वडाको सदस्य (महिला)

ङ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमको समितिले संस्था दर्ताको अनुमति प्रदान गर्नको लागि लागि स्थलगत अनुगमनको लागि कुनै एक प्राविधिक कर्मचारीलाई खटाउने सक्नेछ। प्राविधिक कर्मचारीको स्थलगत अनुगमनको प्रतिवेदनको आधारमा मुल (मुहान) स्रोत सहितको संस्था दर्ता गर्नको लागि अनुमति दिन सकिनेछ।

(३) संस्था दर्ताको अनुमति दिनु अघि दाबी विरोधको लागि कम्तीमा सात दिनको सूचना अनिवार्य प्रकाशन गर्नु पर्नेछ। कुनै पनि दाबी विरोध नपरेमा अनुमति दिन बाधा पर्ने छैन।

६. **उपभोक्ता संस्था दर्ता** : (१) उपभोक्ता संस्था दर्ता गर्न चाहने कम्तीमा सात जना व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुरसहित गाउँपालिका अध्यक्ष समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ।

क) संस्थाको नाम

ख) उद्धेश्यहरु,

ग) संस्थाका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि

घ) कार्यालयको ठेगाना,

ङ) संस्था सञ्चालन को विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा (५) को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी प्रमाण- पत्र दिनुपर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुरी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहरिएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्ता आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) संस्था दर्ता गरेपछि अनुसूची - २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ।

(६) संस्था दर्ता किताब अनुसूची - ३ बमोजिमको ढाँचामा हुनेछ।

(६) दर्ता भएको संस्था प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नुपर्नेछ। दर्ता र नवीकरण दस्तुर गाउँसभाले तोके बमोजिम हुनेछ।

७. **संस्था संगठित मानिने** : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

८. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखेबाट फिर्ता लिई संस्थालाई बुझाईदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गल्ति गरेमा संस्थाको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ।

९. **<u>यस अघि दर्ता भई वा नभई स्थापना भएका संस्थाले दर्ता गर्नु पर्ने</u>** : (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सूचिकृत गराउनु पर्नेछ। सूचीकृत/दर्ता हुनको लागि गत आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१०. **<u>संस्थाको उद्देश्यहरुमा हेरफेर</u>** : (१) संस्थाको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाले तत् सम्वन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

११. **<u>संस्थाको वर्गिकरण</u>** : दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सिंचाई जल उपभोक्ता संस्थाहरुको व्यवस्थापनबाट खानेपानी तथा सिंचाई सुविधा उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा देहाय बमोजिम उपभोक्ता संस्थाको वर्गीकरण हुनेछ।

१) क वर्गः १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएका

२) ख वर्गः ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएका

३) ग वर्गः ५०० जना सम्म उपभोक्ता सदस्य भएका

१२. **<u>तदर्थ समिति गठन गर्न सकिने</u>** : यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता संस्थाहरुले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता संस्था गठन प्रक्रिया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पूरा भएका उपभोक्ता संस्थाहरुलाई विघटन गरी नियमित सञ्चालन गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रक्रिया पूरा गरी गराई व्यवस्थापन गर्न सकिनेछ।

१३. **<u>संघ गठन गर्न सकिने</u>** : दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सिंचाई जल उपभोक्ता संस्थाहरुमध्येबाट एक उपभोक्ता संस्थालाई एक सदस्य मानी गाउँस्तरीय खानेपानी तथा सिंचाई जल उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख र सहयोगमा अन्य सम्पूर्ण उपभोक्ता संस्थाहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

१४. **हिसाबको विवरण पठाउनु पर्ने** : उपभोक्ता संस्थाले आफ्नो समितिको हिसाबको विवरण लेखापरीक्षणको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपालिकामा पठाउनु पर्नेछ।

१५. **हिसाब जाँच गर्ने** : (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सय कडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ। तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ।

१६. **निर्देशन दिने** : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१७. **दण्ड सजाय** : (१) दफा (४) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका सदस्यहरुलाई गाउँपालिकाको सभाले तोकेको दरमा जरिवाना गर्न सक्नेछ।

(२) दफा (१३) बमोजिम हिसाबको विवरण नपठाएमा कार्यसमितिका सदस्यहरुलाई गाउँ सभाले तोके बमोजिम जरिवाना गर्न सकिनेछ। तर, कुनै सदस्यले दफा (१३) को प्रावधान उल्ङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।

(३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाको सभाले तोके बमोजिम सबैलाई जनही जरिवाना गर्न सक्नेछ।

(४) दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई संस्थाको उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्धेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो अधिकृतले दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

१८. **पुनरावेदन** : दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

१९. **संस्थाको विघटन वा त्यसको परिणाम** : (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणले संस्थाको विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्व संस्थाको जायजेथाले नभ्याएमा नपुग दायित्व संस्थाको पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरुप असुल उपर गरिनेछ।

२०. **विघटन तथा सञ्चालन** : संस्थाको आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ समितिबाट समिति सञ्चालन गर्नेछ।

२१. **खारेजी र बचाउ** : खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९ लागु हुन पूर्व जलस्रोत ऐन, २०४९ अन्तरगत दर्ता भएको संस्था यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ।

**अनुसुची-१**
**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**
**निवेदन पत्रको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

महोदय,

हामीले ...................................जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९ को दफा (६) बमोजिम जल उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको दुई प्रति विधान एसहित दरखास्त दिएका छौं।

**विवरण :**

१. उपभोक्ता संस्थाको नाम :
२. कार्यक्षेत्र :
३. उद्देश्यहरू :
(क)
(ख)
(ग)
४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं. :
(क)
(ख)
(ग)
(घ)
(ङ)
५. उपयोग गरिने जलस्रोतको विवरण:
(क) जलस्रोतका नाम र रहेको ठाउँ :
(ख) जलस्रोतबाट गरिने प्रयोग :
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :
(क) सेवाको किसिम :

(ख) सेवा पुऱ्याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुन उपभोक्ताहरूको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक स्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

**निवेदक :**

उपभोक्ता संस्थाको तर्फबाट :

दरखास्त दिनेको सही :

नाम :

पद :

ठेगाना :

अनुसूची-२

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

जल उपभोक्ता संस्थाको दर्ता प्रमाण पत्र

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

द. नं.: .............                                         मितिः .......................

# जल उपभोक्ता संस्थाको दर्ता प्रमाण पत्र

श्री ......................................,

सुनकोशी गाउँपालिका-........, ओखलढुङ्गा।

सुनकोशी गाउँपालिकाको **खानेपानी तथा जल उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९** को दफा (६) बमोजिम .............. साल ........... महिना ............ गतेमा यस कार्यालयमा श्री .................................................. नामको जल उपभोक्ता संस्था दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने अधिकृतको :

दस्तखत :

नाम, थर :

पद :

मिति :

कार्यालयको छाप :

## नवीकरण तालिका

| नवीकरण गरेको मिति | नवीकरण अवधि | नवीकरण दस्तुर, रसिद नं. | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-३

(दफा (६) को उपदफा (६) सँग सम्बन्धित)

संस्था दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | जल संस्थाको नाम र ठेगाना | संस्थाको वर्गीकरण | संस्थाको पदाधिकारी वा सदस्यहरुको नाम | दर्ता गर्ने अधिकारीको हस्ताक्षर, नाम र पद |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मितिः २०७९/०६/२४

आज्ञाले,

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत